203.(सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८१ साल वैशाख १ देखी २०८१ साल असार मसान्तसम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)


पाँचखाल नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमति प्रदेश

फोन नं. ०११४९९४५१ इमेलः panchkhal.municipality@gmail.com


मितिः २०८१/०४/१४

सूचना अधिकारी

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

स्वतः प्रकाशन नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको व्यवस्था बमोजिम सूचनाको हकसम्बन् ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरूक विवरण ३/३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ । यसका लागि ऐन र नियमावलीमा गरी २० वटा शीर्षक उल्ले गरिएका छन्। सूचनाको हकको संरक्षण, सम्बर्धन र प्रचलन गराउन यस नगरपालिकाको २०८० माघ/चैत अवधिमा सम्पादि प्रमुख कार्यहरू अन्य निकायका लागि नमूना मार्गदर्शक समेत होस् भनी प्रकाशित गरेका छौं। यसै क्रममा, यस नगरपालिका आफ्नो नियमित विवरण प्रकाशित गर्दै आएको सन्दर्भमा आ. ब. २०८०/८१ सालको बैशाख, जेठ र असार महिनामा सम्पादि कामको विवरण प्रस्तुत गरिएको छ । यसलाई नगरपालिकाले तीन महिना सम्पन्न भएको कामको प्रगती १५ दिन भित्र प्रकाशि गरेको छ ।

सूचना अधिकारी

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

विषयसूची

1. नगरपालकाको स्वरुप र प्रकृति
2. नगरपालिकाको काम,कर्तव्य र अधिकार
3. नगरपालिकाको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण
4. नगरपालिकाबाट प्रदान गरिने सेवा
5. नगरपालिकाको शाखा र जिम्मेवारी अधिकारी
6. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि
7. निर्णय गर्ने प्रकृया र अधिकार
8. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण
9. सूचना अधिकारी प्रवक्ता र प्रमुखको नाम पद
10. ऐन, नियम विनियम वा निर्देशिकाको सूची
11. आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण
12. आ.ब.२०८०/८१ को बजेट तथा कार्यक्रम
13. नगरपालिकाको वेभसाईट
14. नगरपालिकामा परेका सूचना माग सम्बन्धी निवेदन
15. नगरपालिकाले गरेको सूचना सम्बन्धी थप कामहरु
16. नगरपालिकाले गरेका कार्यक्रम र सोको प्रतिवेदन
17. तोकिएबमोजिमका अन्य विवरण ।

सूचना अधिकारी

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## नगरपालिकाको स्वरुप र प्रकृति

बागमति प्रदेश काभ्रेपलाञ्चोक जिल्लामा अबस्थित पाँचखाल नगरपालिका जिल्लाको तत्कालिन पाँचवटा गाविसह समेटी नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ बैशाख २५ गतेको मन्त्रीस्तरी निर्णयबाट पारित भै स्थापना भएको हो । यस नगरपालिकामा समेटिएका साविकका पाँच गाविसहरु क्रमश पाँचखाल, होक्सेबजार, देवभुमि, वालुवा, अनैकोट र साठीघर भगवती हुन् । साथै मिति २०७३।११।२७ को नेपा सरकारको निर्णय अनुसार थप साबिकका दुई खरेलथोक र कोशीदेखा गाविस गरि सात ओटा साविकका गाविसह मिलि संघियता पश्चातको पाँचखाल नगरपालिका बनेको हो । यस नगरपालिकाको कुल क्षेत्रफल १०३ वर्ग कि रहेको छ भने कुल जनसंख्या ३७७९७ रहेको छ । हाल १३ वटा वडामा विभाजन गरिएको यस नगरपालि काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्रफलको आधारमा दोश्रो ठुलो नगरपालिकाको रुपमा रहेको छ ।

यो नगरपालिकाको पूर्वमा भुम्लु गाँउपालिका, पश्चिममा धुलिखेल र बनेपा नगरपालिका, उत्तरमा मण्डनदेउपु नगरपालिका र भुम्लु गाँउपालिका र दक्षिणमा तेमाल गाँउपालिका, नमोबुद्ध र धुलिखेल नगरपालिका रहेका छन पाँचखाल नगरपालिकामा कृषिको प्रचुर सम्भावना रहेको छ । पर्यटकीय क्षेत्रको रुपमा रहेको पलाञ्चोक भगवतीक मन्दिर, अनैकोठ भ्यु टावर, दुग्धेश्वर मन्दिर, सुनकोशी नदि किनार आदि परिचित रहेको हुदाँ यहाँ स्थानीय पर्यट उद्योगको समेत उत्तिकै सम्भावना रहेको देखिन्छ ।

### चिनारी तथा नामाकरण

पाँचखाल नगरपालिका काभ्रेपलाञ्चोक जिल्ला अन्तगतको एक नगरपालिका हो । यो नगरपालिका जिल्लाको मध भागमा अवस्थित छ । काठमाडौंबाट ४५ कि.मि. तथा धुलिखेल बाट १५ किलोमिटर टाढाको दुरीमा अवस्थि पाँचखाल काभ्रे जिल्लाको सबैभन्दा ठूलो समथर बेशी भाग ओगटेको क्षेत्र पनि हो । अरनिको राजमार्गले बिचबा काटेर गएको यो बेशी समुन्द्र सतहबाट ९३७ मिटर अथवा ९२०७३ फिटको उचाइमा अवस्थित छ । य नगरपालिकामा पाँचखाल उपत्यकाको उर्वर भूमिको साथै तत्कालिन अनैकोट, होक्सेबजार, साठीघर भगवत गाविसहरुका भिरालो जमिनहरु रहेका छन् । यहाँ कृषि उत्पादन र पशुपालनका साथै आन्तरीक पर्यटन उद्योगक समेत प्रचुर सम्भावना रहेको छ ।

### धरातलीय अवस्था

पाँचखाल नगरपालिका बेंसीको वरिपरि पलाञ्चोक, अनैकोट, रविओपि, जैशिथोक, पाल्लेखेतका डाँडाहरुले घेरिएको छ यहाँको तापक्रम सरदर ३२ डिग्री देखि ३३ डिग्री रहने गरेको छ । झिंगु खोलाहरु द्धारा सिंचित यो बेंसी मलिल भएतापनि पहिला यस ठाँउमा औंलो लाग्ने भएकाले यहाँ बस्ती थिएन । पहिला दनुवार जातिहरुको मात्र बस्त भएतापनि राजमार्गको विकासले गर्दा अन्य जातिहरुको आकर्षण बढ्दै गएको छ । यस नगरपालिकामा चैत महिन देखि असोजको प्रारम्भ सम्म गर्मी असोज देखि फागुन सम्म जाडो हुने भएकोले यहाँको हावापानी मौसम अनुसा

सूचना अधिकारी

विविध किसिमको रहेको छ । भौगोलिक विषमातायुक्त नगरपालिका भएकोले यहाँको उचाई र अबस्थिति फरक फरक पाइन्छ । ग्रीष्म र वर्षा ऋतुमा मनसुनी बर्षा हुने गर्दछ । मनसुनी वायुको प्रभाबले करिब २००० मिलीलिटर सरदर वर्षा भएको पाइन्छ । यस नगरपालिकामा दक्षिणपूर्वी मनसुन प्रभावित क्षेत्रमा पर्ने हुनाले असारदेखि भाद्रसम्ममा प्रशस्त पानी पर्दछ । जिल्लाका मुख्य दुई जलाधारक्षेत्रहरू वाग्मती र रोशी क्षेत्र हुँदै न्युनचापीय वा जाने हुनाले यस क्षेत्रमा बढी वर्षा हुनेगर्दछ । यी दुवै जलाधारक्षेत्रहरू महाभारत क्षेत्रको वृष्टिछाँयामा पर्नेगर्दछ ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## 1. नगरपालिकाको काम,कर्तव्य र अधिकार

- नगर प्रहरी सम्बन्धी
- सहकारी संस्था
- एफ.एम. सञ्चालन
- स्थानीय कर, सेवा शुल्क तथा दस्तुर
- स्थानीय सेवाको व्यवस्थापन
- स्थानीय तथ्यांक र अभिलेख सङ्कलन
- स्थानीयस्तरका विकास आयोजना तथा परियोजना
- आधारभूत र माध्यामिक शिक्षा
- आधारभुर स्वास्थ्य र सरसफाई
- स्थनीय बजार व्यवस्थापन वातावरण संरक्षण र जैविक विविधता
- स्थानीय सडक ग्रामीण सडक कृषि सडक र सिंचाई
- नगरसभा मेलमिलाप र मध्यस्थताको व्यवस्थापन
- स्थानीय अभिलेख व्यवस्थापन
- जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण
- कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन पशु स्वास्थ्य सहकारी
- जेष्ठ नागरिक अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन
- बेरोजगारको तथ्याङ्क संकलन
- कृषि प्रसारको व्यवस्थापन सञ्चालन र नियन्त्रण
- खानेपानी साना जलविद्युत आयोजना वैकल्पिक उर्जा
- विपद् व्यवस्थापन
- जलाधार बन्यजन्त् खानी तथा खनिज पदार्थको संरक्षण
- भाषा संस्कृति र ललितकलाको संरक्षण र विकास

## 2. नगरपालिकाको संगठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

सूचना अधिकारी

(क)संगठन संरचना (नगरपालिका तथा वडा कार्यालय तर्फ)

| क्र.सं. | सेवा | समुह | तह | पद | स्वीकृत कुल दरबन्दी |
|---|---|---|---|---|---|
| १ | प्रशासन | सा.प्र. | १० | प्रमुख प्रशासकीय अधिकृत | १ |
| २ | शिक्षा | शि.प्र. | ९/१० | उप सचिव | १ |
| ३ | इन्जि. | सिभिल | ९/१० | सि.डि.ई. | १ |
| ४ | प्रशासन | सा.प्र. | ७/८ | प्रशासकीय अधिकृत | १ |
| ५ | प्रशासन | लेखा | ७/८ | लेखा अधिकृत | १ |
| ६ | शिक्षा | शि.प्र. | ७/८ | अधिकृत | १ |
| ७ | स्वास्थ्य | ज.स्वा. | ७/८ | जन स्वास्थ्य अधिकृत | १ |
| ८ | इन्जि. | सिभिल | ६ | इन्जिनियर | १ |
| ९ | प्रशासन | सा.प्र. | ६ | अधिकृत छैटौं | २ |
| १० | प्रशासन | लेखा | ५ | आ.ले.प. सहायक | १ |
| ११ | स्वास्थ्य | क.न. | ५/६ | प.हे.न. | १ |
| १२ | स्वास्थ्य | हे.ई. | ५/६ | हेल्थ असिस्टेन्ट | १ |
| १३ | प्रशासन | सा.प्र. | ५ | सहायक | ११ |
| १४ | प्रशासन | लेखा | ५ | लेखापाल | १ |
| १५ | विविध | | ४ | स.कम्प्युटर अपरेटर | १ |
| १६ | शिक्षा | शि.प्र. | ५ | प्रा.स. | १ |
| १७ | इन्जि. | सिभिल | ५ | सव-इन्जिनियर | ८ |
| १८ | विविध | | ५ | महिला विकास निरिक्षक | १ |
| १९ | इन्जि. | सर्भे | ४ | अमिन | १ |
| २० | प्रशासन | सा.प्र. | ४ | सहायक | ९ |
| २१ | प्रशासन | लेखा | ४ | स.ले.पा. | १ |
| २२ | विविध | | ४ | सहायक महिला विकास निरिक्षक | १ |
| २३ | इन्जि. | सिभिल | ४ | अ.सब.ई. | ७ |
| २४ | विविध | | ३ | मुखिया | ० |
| जम्मा | | | | | ५५ |

स्वास्थ्य संस्था तर्फ-४८ जना

आयूर्वेद तर्फ-४ जना

कृषि तर्फ-४ जना

पशु तर्फ-५ जना

(ख)कर्मचारी संख्या दरबन्दी सहित

सूचना अधिकारी

| क्र.सं. | विवरण | स्वीकृत दरबन्दी | स्थायी | करार | दैनिक ज्यालादारी | जम्मा कर्मचारी संख्या | स्वीकृत दरवन्दीमा रिक्त संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | नगरपालिका तर्फ | २९ | २० | ३६ | ४ | ६० | ५ | विभिन्न कार्यक्रम तथा कार्यालय सहयोगी समेत |
| २ | वडा कार्यालय तर्फ | २६ | १२ | २९ | | ४१ | ९ | |
| ४ | स्वास्थ्य संस्था तर्फ | ४८ | २९ | ३१ | ५ | ६५ | ० | |
| ५ | आर्युवेद औषधालय | ४ | २ | २ | | ४ | ० | |
| ६ | कृषि शाखा तर्फ | ४ | १ | २ | | ३ | २ | |
| ७ | पशुपन्छी शाखा तर्फ | ५ | ० | ३ | | ४ | २ | |
| | जम्मा | ११९ | ६४ | १०३ | ९ | १७७ | १८ | |

**3. <u>नगरपालिकाबाट प्रदान गरिने सेवा</u>**

नगरपालिकाबाट स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपालको संविधानमा उल्लेख भएबमोजिमका सेवाहरु छिटो छरितो रुपमा प्रदान गरिन्छ ।साथै नगरपालिकाबाट प्रदान गरिने मुख्य मुख्य सेवाहरु देहाय बमोजिम छ ।

1. प्रशासन सम्बन्धी सम्पुर्ण सेवा
2. योजना सम्बन्धी
3. राजस्व सम्बन्धी
4. ठेक्का पट्टा सम्बन्धी
5. सिफारिस सम्बन्धी
6. महिला बालबालिका जेष्ठ नागरिक अपाङगता सम्बन्धी सेवा
7. पञ्जिकरण र सामाजिक सुरक्षा सम्बन्धी सेवा
8. विपद् व्यवस्थापन सम्बन्धी सेवा
9. नक्सा पास सम्बन्धी सेवा
10. सूचना प्रावह सम्बन्धी सेवा ।
11. कानूनले तोकेका अन्य कार्य ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

सूचना अधिकारी

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलान्चोक
बागमती प्रदेश, नेपाल

4. नगरपालिकाको शाखा र जिम्मेवारी अधिकारीः

| क्र.सं. | शाखा | जिम्मेवारअधिकारीको नाम | जिम्मेवार अधिकारीको पद |
|---|---|---|---|
| १ | प्रशासन शाखा | सुविता ढुंगाना | अधिकृत छैठौं |
| २ | योजना शाखा | कल्याण प्रसाद सुवेदी | शाखा अधिकृत |
| ३ | प्राविधिक शाखा | गौतम पराजुली | सव इन्जिनियर |
| ४ | शिक्षा शाखा | उदय प्रसाद कोईराला | अधिकृत आठौं |
| ५ | स्वास्थ्य शाखा | उज्वल अधिकारी | सि.अ.हे.व |
| ६ | कृषि तथा सहकारी शाखा | सुदर्शन बोलखे | अधिकृत छैठौं |
| ७ | पशुपन्क्षी विकास शाखा | सुरज श्रेष्ठ | पशु चिकित्सक |
| ८ | न्यायिक समिति सचिवालय | उषा रेग्मी | न्यायिक सहकर्ता |
| ९ | वातावरण शाखा | गणेश प्रसाद खरेल | अधिकृत छैठौं |
| १० | सामाजिक सुरक्षा शाखा | कल्याण प्रसाद सुवेदी | अधिकृत छैठौं |
| ११ | आर्थिक प्रशासन शाखा | हेम प्रसाद मिश्र | अधिकृत सातौं |
| १२ | सुचना प्रविधि शाखा | दिनेश चौहान | सूचना प्रविधि अधिकृत |
| १३ | महिला बालबालिका शाखा | तारादेवी राउत | स. म.वि.अ. |
| १४ | रोजगार सेवा केन्द्र | निर्मला महर्जन | रोजगार संयोजक |
| १५ | राजश्व शाखा | सन्तोष पौड्याल | शाखा अधिकृत |
| १६ | लघु उद्यम विकास शाखा | कल्याण प्रसाद सुवेदी | अधिकृत छैठौं |
| १७ | नगर प्रमुख सचिवालय | पवन गौतम | सहायक पाँचौ |
| १८ | भण्डार शाखा | पवन सापकोटा | सकायक तेस्रो |
| १९ | आयूर्वेद शाखा | मुना आचार्य | अधिकृत सातौं |

5. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

६(१) सेवा प्राप्त गर्न लाग्ने दस्तुर

सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ४ बमोजिम र अन्य विषेश कानूनले तोके बमोजिमको दस्तुर लाग्ने छ ।

६(२) सेवा प्राप्त गर्न लाग्ने अवधि

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ७ ले तोकेको अवधिभित्र र अन्य विशेष कानूनले अवधि तोकेमा सोही बमोजिमको अवधि

सूचना अधिकारी

6. निर्णय गर्ने प्रकृया र अधिकार

प्राप्त उजुरी सम्बन्धीत अधिकारीले हेरी सम्बन्धित शाखामा आवश्यक कारवाहीको लागि पठाइने र शाख प्रमुखले कारवाहीको प्रकृया अगाडी बढाइने

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

विषयगत प्रगती विवरण

(क) आर्थिक क्षेत्र:

पाँचखाल नगर कृषि शहरको अवधारणा अनुरुप कृषि उपज बृद्धि र विकासका लागि १११ बटा कृषक समुह गठन भएका छन र यसलाई सवै वडा तथा टोलहरुमा विस्तार गरी साझेदारी संस्थाहरुको समन्वयमा कृषि सामग्री र प्रविधि हस्तान्तरण गर्ने लक्ष्य अनुरुप कृषिलाई आधुनिधकीकरण गर्नका लागि कृषि औजारहरु (हाते ट्राक्ट, टनेल, पानी तान्ने पम्म) लगायत कृषि चुन रैथाने बिउ बिजन लागत साझेदारीमा वितरण भएको छ । कृषि उपजको उपयुक्त बजार र कृषकहरुले उचित मुल्य प्राप्त गर्न कृषि उपज संकलन, प्रशोधन तथा विक्री केन्द निर्माणका लागि डि.पी.आर. तयार भइ लवग्रिन नेपाल र यस नगरपालिकाको साझेदारीमा टेण्डर प्रकृया भई निर्माणको क्रममा रहेको छ । वडा नं १, ५, ८ र ११ रैथाने बाली क्लस्टर समूह निर्माण गरी कार्यक्रम सञ्चालन गरिएको छ । वास्तविक किसान पहिचानका लागि कृषि तथ्यांक लिने कार्य भैरहेको छ । पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान साथै पशु उपचार कार्यक्रम सञ्चालन गरिएको छ । देशकै प्रमुख तिर्थस्थल मध्ये पर्ने पलाञ्चोक भगवतीको मन्दिर, दुग्देश्वर मन्दिर, भक्रामदेविको मन्दिर कोटदेवी मन्दिर जस्ता धार्मिक तथा ऐतिहासिक महत्वका स्थलहरु सगै विविध जात जातीको सामाजिक तथा साॅस्कृतिक परम्पराले समेत यस क्षेत्रको महत्व बढाएका छन । सहकारीहरुको विवरण अध्यावधिक हुनुका साथै कोपोमिस कार्य पनि अध्यावधिक भैरहेको छ। सहकारी तथा अन्य वित्तिय क्षेत्रको संचालन तथा नियमनको लागि नगर सहकारी ऐन तर्जुमा भएको छ । यस नगरपालिकामा प्रस्तावित विशेष आर्थिक क्षेत्र (सेज)को लागि दुईवटा प्रशासकनीक भवन कम्पाउन्ड निर्माण लगायत अन्य संरचना निर्माणका कार्यहरु भैरहेका छन् । सेजको कारणले यस क्षेत्रको विकासमा ठूलो टेवा पुर्याउने विश्वास गरिएको छ । देशकै पहिलो हरित महिला औद्योगिक ग्राम निर्माण गर्नको लागि प्रक्रिया अगाडी बढिरहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम तथा लघुउद्धम विकास कार्यक्रमहरुबाट आम नागरिकहरुमा स्वरोजगारका अवसरहरु सिर्जना भई आर्थिक कृयाकलापहरु बढेका छन ।

(ख) सामाजिक क्षेत्र (शिक्षा, स्वास्थ्य)

पाँचखाल नगरपालिकामा सामुदायिक तथा निजी गरी जम्मा ४९ वटा विद्यालयहरु संचालनमा रहेका छन् । काठमाण्डौ विश्वविद्यालयको समन्वयमा नगरपालिकाको क्षेत्रभित्र कृषि र आर्टिफिसियल इन्टेलिजेन्स वषियको पढाइ भइरहेको छ ।

अधिकांश शैक्षिक संस्थाहरुमा शिक्षक विद्यार्थीको अनुपातमा ठूलो अन्तर रहेको छ भने केही विद्यालयहरुमा विद्यार्थी कमीका कारण संकटमा रहेकाले विधालय समायोजन गरिएका छन् । विद्यालय व्यवस्थापकिय पक्षमा सुधार ल्याउ खस्केको शैक्षिक गुणस्तर माथि उठाउन शिक्षण सिकाईमा प्रविधिको प्रयोग, व्यवहारिक र प्रयोगात्मक शिक्षण सिकाइ

सूचना अधिकारी

गराउनको साथै विद्यालय मर्ज तथा शिक्षक दरवन्दि मिलानको कार्यलाई दृढतापुर्वक अगाडी बढाउनु पर्नेछ ।यस नगरपालिका अन्तर्गत एक वटा प्राथमिक स्वास्थ्य केन्द्र, ६ वटा स्वास्थ्य चौकी, ६ वटा शहरी स्वास्थ्य केन्द्र, एउटा आयुर्वेद अस्पताल, एउटा पोलिक्लिनक, २८ वटा गाउँघर क्लिनिक, २३ वटा खोपकेन्द्र र ८ वटा फार्मेसी संचालनमा रहेकाछन् । त्यस्तै यस नगरपालिका अन्तरगत जम्मा ७९ जना महिला स्वस्थ्य स्वयम्सेविका परिचालित छन् । खानेपानीको समस्यालाई समाधान गर्नको लागि प्राथमिकताका साथ अगाडी बढाईएका विभिन्न खानेपानी आयोजनाहरुको सफल कार्यान्वयन गरिएको छ । सम्भव भए सम्म प्राकृतिक मुहानको पानीलाई व्यवस्थापन गर्नुको साथै धेरै ठाउँहरुमा डिप बोरिङ गरी खानेपानीको व्यवस्थापन गरिएको छ । त्यस्तै जमिनको तल्लो तटीय क्षेत्रमा रहेको पानीलाई लिफ्टिङ प्रविधिबाट खानेपानीको रुपमा प्रयोग गरिएको छ । पाँचखाल सुनकोशी खानेपानी आयोजना द्रुत गतिमा काम हुँदै सम्पन्न हुने चरणतर्फ उन्मुख छ । नगरपालिकाले यस आर्थिक वर्षमा विभिन्न समयमा अधिकार समानता तथा सामाजिक समावेशीकरणका कार्यक्रमहरु सन्चालन हुदै आएका छन त्यस्तै सीपमूलक र चेतना मूलक कार्यक्रम संचालन गरी महिला, बालवालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ती, दलित, आदिवासी जनजाति र अल्पसंख्यकहरुको हक अधिकारको संरक्षण प्रवर्धन तथा आयआर्जनमा समेत टेवा पुर्याएको छ भने सामाजिक सुरक्षाको दुरुपयोग गर्ने व्यक्तिलाई विगो सहित असुल उपर समेत गरिएको छ ।

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

## (ग) पूर्वाधार विकासः

यस आवमा १ किलोमिटर बाटो कालोपत्रे ५ कि.मि सडक ढलान गर्ने काम सम्पन्न भएको छ ।विभिन्न बडाहरुमा करिव ३ किलोमिटर नयाँ ट्रयाक खोल्ने तथा ग्राभेलिङ्ग गर्ने कार्य भएको छ भने करिब १० किलोमिटर पक्की नाली निर्माण भएको छ । घर निर्माणको लागि ३३ घरहरुको नक्सापास भएको छ भने ७० वटा घर निर्माण सम्पन्नताको प्रमाणपत्र लिएका छन । निर्माणकार्यमा गुणस्तरीयता ल्याउन अनुगमन कार्यलाई प्राथमिकताका साथ प्रभावकारी ढङ्गले अगाडी बढाईएको छ ।

## घ) वन, वातावरण तथा विपद् व्यवस्थापनः

नगरपालिकाले विभिन्न सरकारी तथा गैरसरकारी सघ संस्थाहरुसंगको सहकार्यमा विभिन्न अवसरमा नगर सरसफाई तथा बृक्षरोपण कार्यक्रम सम्पन्न गरी समाजलाई नयाँ सन्देश दिने कार्य गरेको छ । पाँचखाल नगरपालिका पानीको अभाव भएको नगरपालिका हो । यसलाई सम्बोधन गर्न लवग्रिन नेपाल , उज्यालो नेपाल जस्ता गैर सरकारी संस्थाहरुको सहयोग समन्वय र साझेदारीमा सिंचाई र खानेपानीका विभिन्न योजनाहरु सञ्चालन गरिएको छ ।

सूचना अधिकारी

विपद् व्यवस्थापनका लागि विपद व्यवस्थापन कोष खडा गरिएको छ । आकस्मिक घटनाहरुलाई नियन्त्रणमा लि एम्बुलेन्स तथा दमकलको व्यवस्था गरिएको छ भने विपद उद्धार सामाग्रीहरुको आवश्यक व्यवस्था मिलाइएको छ । जिल्ला विपद् व्यवस्थापन समितिको समन्वयमा विपद् व्यवस्थापन सम्बन्धी एक दिने प्रदर्शनी कार्य सम्पन्न गरिएको छ।

**(ङ) सुशासन तथा संस्थागत विकासः**

नगरपालिकामा कामको चाप अनुसार विभिन्न शाखाहरुमा सहयोगी कर्मचारीहरुको आवशकतालाई पूर्ती गर्न सिमित समयको लागि लिईएका सेवा करारका कर्मचारीहरुलाई यस बर्ष पनि निरन्तरता दिईएको छ । कर्मचारीहरुको क्षमता विकासको लागि विभिन्न समयमा विभिन्न क्षमता विकासका तालिम तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमहरु गरिएका छन । खरिद प्रकृयालाई प्रभावकारी वनाउन सार्वजनिक खरिद ऐन नियमहरुको पूर्ण पालनाको लागि तालिम सञ्चालन गरिएको छ ।.पाँचखाल नगरपालिकालाई कार्यक्षेत्र बनाएर कार्यक्रम गर्ने विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरु मार्फत सार्वजनिक सेवा प्रवाहका कार्यक्रहरु संचालन गरिएको छ । आन्तरिक तथा अन्तिम लेखापरीक्षण गर्दा देखिएको बेरुजु फछ्र्यौट गरिएको छ । सेवा प्रवाहमा विद्युतीय सूचना प्रविधिको प्रयोग गर्ने क्रममा लिड डिस्प्ले बोर्ड, कार्यालय तथा नगरको मूख्य चोकहरु तथा नगर परिसरमा र अरनिको राजमार्ग,पलाञ्चोकभगवति लगाएतका क्षेत्रहरुमा सुरक्षा तथा निगरानीको लागि जडित सिसिटिभि सुचारु राखिएको छ । नेपाल दुर संचार प्राधिकरणको आर्थिक सहयोगमा ५ वटा प्रहरी चौकी, १३ वटा वडा कार्यालय, १२ वटा स्वास्थ्य संस्था र ३८ वटा सामुदायिक विद्यालयहरुमा २० Mbps क्षमताको ईन्टरनेट व्यवस्थाको लागि अप्टिकल फाईवर विस्तार भई सञ्चालन गरिएको छ । व्यवस्थित रुपमा ईन्टरनेटको सुविधा उपलब्ध भएपश्चात सवै निकायहरुको नगरपालिका कार्यालयबाटनै अनुगमन तथा सुपरिवेक्षण गर्न सकिने छ ।यसबाट कार्यसम्पादनको गुणस्तरमा सुधार हुने अपेक्षा गरिएको छ । सामाजिक सुरक्षा भत्ता वितरणलाई पूर्णतया बैकिङ प्रणालीमा समाहित गरिएको छ साथै वडा कार्यालयहरुमा टेलिफोन जडान गरिएको छ। सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना सम्वन्धि जानकारि मूलक लिफलेट र फ्लेक्स निर्माण गरि सबै वडाहरुमा राखिएको छ । व्यक्तिगत घटनाहरु अनलाईन प्रणालीबाट मात्रै दर्ता गर्ने र प्रमाणपत्रहरु जारि गर्ने कार्य भईरहेको छ ।

**(च) न्यायिक समिति**

यस नगरपालिकामा यस आ.व.मा न्यायिक समितिमार्फत भएका कार्य प्रगतिहरु देहाय बमोजिम रहेका छन् ।

जम्मा दर्ता भएको विवाद ६४ मध्ये ३५ वटा आन्तरिक पत्र चालनी भएको र १० वटा प्रतिउत्तर पत्र दर्ता भएको छ । यसबाहेक

मेलमिलाप गराई पठाइएको संख्याः २६

तामेलीमा रहेका विवाद संख्याः ६

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

सूचना अधिकारी

अदालत गएको २ (छलफलमा नमिलेको)

चलिरहेको: ८

मिलापत्र हुननसकेको २

निर्णय भएको: २

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पाँचखाल, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल

**7. <u>सूचना अधिकारी प्रवक्ता र प्रमुखको नाम पद</u>**

| क्र.सं. | प्रमुख | | प्रवक्ता | | सूचना अधिकारी | |
|---|---|---|---|---|---|---|
| | नाम | सम्पर्क नं. | नाम | सम्पर्क नं. | नाम | सम्पर्क नं. |
| १ | महेश खरेल | ९८४३०४१७८८ | संजय तामाङ | ९८५१०७३२७८ | सुविता ढुंगाना | ९७६२८८८८५८ |

**8. <u>ऐन नियम विनियम वा निर्देशिकाको सूची</u>**

- विज्ञापान कर ऐन (व्यवस्थापन तथा नियमन), २०८१
- आर्थिक ऐन, २०८१
- विनियोजन ऐन, २०८१

**9. <u>आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरण</u>**

त्रैमासिक आम्दानी: ५,५४,८०,१८७.९७

त्रैमासिक खर्च: २०,०३,२७,५३९.०९

**10. <u>आ.ब. ०८०/८१ को बजेट तथा कार्यक्रम</u>**

| बजेटको खर्च अनुमान | |
|---|---|
| प्रशासनिक/चालु | १५,००,००,०००/- |
| आ.व. २०७९/८० को दायित्व, टेन्डर मात्र | ८,००,००,०००/- |
| आ.व. २०७९/८० को दायित्व, उपभोक्ता समिति र अन्य | २,००,००,०००/- |
| विपद् व्यवस्थापन कोष | ५०,००,०००/- |
| नगरस्तरीय आकस्मिक योजना | १,००,००,०००/- |
| संघीय समपुरक योजना | ७०,००,०००/- |
| अन्य समपुरक म्याचिङ | १,००,००,०००/- |
| आकस्मिक मर्मत सम्भार कोष | १,००,००,०००/- |
| नगरस्तरीय योजना तथा कार्यक्रम | ७,००,००,०००/- |
| वडास्तरीय योजना तथा कार्यक्रम | ४,५५,००,०००/- |
| विषयगत/क्षेत्रगत/शाखागत कार्यक्रम | ७,००,००,०००/- |
| जम्मा खर्च | ७९,९३,९८,०००/- |
| जम्मा पुंजीगत /कार्यक्रम खर्च | ३२७५०००००/- |
| प्रशासनिक/चालु | १५,००,००,०००/- |

सूचना अधिकारी

| | |
|---|---|
| शशर्त योजना/कार्यक्रम/समपुरक/विशेष | ३२१८९८०००/- |
| कूल जम्मा | ७९,९३,९८,०००/- |

पाँचखाल नगरपालिका नगर कार्यपालिकाको कार्यालय पाँचखाल, काभ्रेपलाञ्चोक बागमती प्रदेश, नेपाल

**11. नगरपालिकाको वेभसाईट**

पाँचखाल नगरपालिकाको वेभसाईटः panchkhalmun.gov.np/ email: panchkhal.municipality@gmail.com

**12. नगरपालिकामा परेका सूचना माग सम्बन्धी निवेदन**

आ.ब. ०८०/८१ को असार मसान्त सम्म प्राप्त सूचना माग सम्बन्धी लिखित निवेदन एक वटा पनि प्राप्त नभएको तर इमेल मार्फत प्राप्त भएका निवेदनहरु भई पछ्यौट भएको र अन्य फोन मार्फत मागिएका सूचनाहरुको रेकर्ड नराखिएको तर अन्य फोन मार्फत माग भएका सूचना तत्काले उपलब्ध गराइएको ।

**13. नगरपालिकाले गरेको सूचना सम्बन्धी थप कामहरु**

- नगरपालिकाले आफ्नो वेवसाइट मार्फत सूचनाहरु प्रकाशित गर्ने गरेको ।
- नगरपालिकाको फेसबुक तथा टयुटर मार्फत सूचनाहरु अपडेट गराइरहेको ।
- नगरपालिका र वडा कार्यालयमा सूचना प्रवाहको लागि सम्पुर्ण वडाको इमेल मार्फत गर्ने गरेको ।
- नगरपालिकाले मोबाइल एप्स संचालनमा ल्याएको ।
- ग्रूप म्यासेज संचालना ल्याएको ।
- नगरपालिका तथा वडा कार्यालयहरुमा नागरिक वडापत्र राखीएको ।
- नगरपालिकामा डिजिटल सुचना वोर्ड राखीएको।
- नगरपालिका तथा वडा कार्यालयमा सूचना अधिकारी तोकिएको ।

**14. नगरपालि्काले गरेका कार्यक्रम र सोको प्रतिवेदन**

नियमित प्रकाशन गर्ने गरेको छ ।

**15. नगरपालिकाले वर्गीकरण तथा संरक्षण गरेका सूचनाको विवरण ।**

वर्गीकरण नभएको ।

नोटः प्रस्तुत विवरण पाँचखाल नगरपालिकाको वेवसाइट www.panchkhalmun.gov.np मा समेत हेर्न सकिन्छ

**16. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

नगरवासीसंग सम्बन्धित सूचना पत्र-पत्रिका, रेडियो, Webdite, Faceboo page, Twitter, सूचना पाटीमा टाँस गरि सूचना प्रदान गर्ने गरिएको।

सूचना अधिकारी